**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs.                    Date: 13.09.2025

## प्रधानमन्त्री – नेपाल प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदीले सुशीला कार्कीलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री निर्वाचित भएकोमा शुभकामना दिनुभएकोछ। एउटा सोशल मिडिया पोस्टमा श्री मोदीले भन्नुभयो, भारत नेपालका जनताको शान्ति प्रगति र समृद्धिका लागि सम्पूर्ण रूपले प्रतिबद्धछ।

## प्रधानमन्त्री - मिजोरम

प्रधानमन्त्री नरेन्द्र मोदी मिजोरामको राजधानी आईजोल पुग्नुभएकोछ । उहाँले आठ हजार सत्तर करोढ़ रूपियाँ लागतको बैराबी- सैराँग ब्रोडगेज रेलको लाईनको उद्घाटन भिडियो कण्फरेन्स मार्फत गर्नुभएकोछ जसले भू- परिवेष्ठित मिजोरमलाई देशको बाँकी भाग संग जोड़नेछ।

प्रधानमन्त्रीले आईजोल र दिल्ली बीचको पहिलो राजधानी एक्सप्रेस रेल, आईजोल- गुवाहाटी र आईजोल कोलकाता बीचका दुई अन्य रेलहरूलाई पनि झण्डा देखाएर प्रस्थान गराइनुभयो।

## प्रधानमन्त्री मणिपुर

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मणिपुरको दौड़ाहाको बेला मणिपुरका जनतालाई राज्यमा शान्तिको लागि अगाड़ि आउन र युवा पुस्ताको प्रगति तथा कल्याणको बाटो रोज्न अपील गर्नुभयो।

प्रधानमन्त्रीले सात हजार तीन सय करोड़ रूपियाँ बराबरका चौध(14) विभिन्न परियोजनाहरूको शिलान्यास गर्नुभयो यी परियोजनाहरूमा, सड़क र राष्ट्रिय राजमार्ग परियोजनाहरू, स्वास्थ्य सेवा परियोजनाहरू, उच्च माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयहरूको सुदृढ़ीकरण, कार्यरत महिला छात्रावासको निर्माण, बहुउदेश्यीय इनडोर स्टेडियमको निर्मोण र बिजुली संयत्र परियोजना समावेश छन्।

श्री मोदीले भन्नुभयो केन्द्र सरकारले हिंसाबाट प्रभावितहरूका लागि सात हजार नयाँ घरहरू  निर्माण गर्न कोष स्वीकृत गरेको छ र हालै विशेष प्याकेजको रूपमा तीन हजार करोड़ रूपियाँको बजेट दिइएको छ।

## सिक्किम राज्यपाल – मारवाड़ी समाज

सिक्किमका राज्यपाल श्री ओमप्रकाश माथुरले आज राजभवनमा नवगठित सिक्किम मारवाड़ी समाजका अध्यक्ष सज्जन अग्रवाल र कार्यकारिणी सदस्यहरूसँग शिष्टाचार भेट गर्नुभयो।

भ्रमणको क्रममा, श्री अग्रवालले राज्यपाललाई समाजका भावी योजनाहरूको बारेमा जानकारी गराउनुभयो।

## GLOF –बैठक

अक्टोबर 2023 मा ग्लेशियर लेक आउटबर्स्ट फ्लडले ध्वस्त बनेको सिक्किमलाई पुनः अस्थिर ग्लेशियर लेकहरूबाट हुने खतराहरूको निगरानी र न्यूनीकरण गर्ने प्रयासहरू तीव्र पारिएको छ। हिजो 12 सितम्बरका दिन यसै विषयलाई लिएर राजभवनमा विज्ञान तथा प्रविधि विभाग र हालै मङ्गन जिल्लामा फिल्ड अभियानबाट फर्केका विज्ञहरूका साथ एउटा समीक्षा बैठक बसेको थियो।

राजभवनबाट प्राप्त जानकारी अनुसार पछिल्लो अभियानले धेरै उचाँइमा रहेका तालहरूको पहिचान गरेकोछ भने उच्च सम्भावित जोखिम भएका तालहरू बारे पनि अध्ययन गरेकोछ। उक्त बैठकमा प्रारम्भिक चेतावनी प्रणाली र आपदा- तयारी उपायहरू विकास गर्ने उद्देश्यले वैज्ञानिक मूल्याङ्कनहरूद्वारा समर्थित निरन्तर निगरानी र निरिक्षणको आवश्यकतालाई बल दिएको छ।

## फुटसल –गान्तोक

गान्तोकमा आज देखि पहिलो अन्टर सरकारी महाविद्यालय फुटबल टुर्नामिन्ट आरम्भ भयो। सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको विद्यार्थी प्रकोष्ठद्वारा आयोजित टुर्नामिन्टमा राज्यका जम्मा 10 वटा महाविद्यालयले सहभागिता जनाएको छ। फाइनल खेल 16 सेप्टेम्बरका दिन खेलिनेछ।

## आंगनमा प्रशासन- पाकिम

श्रम विभागले पाकिम जिल्ला प्रशासन, एडीसी (देव) र पञ्चायतहरूसँगको समन्वयमा हिजो सेप्टेम्बर 12,2025 देखि आंगनमा प्रशासन कार्यक्रम अन्तर्गत श्रम दर्ता शिविरहरू शुरू गरेको छ। यो पहल श्रम विभागका सचिव श्री भीम थटालको मार्गदर्शनमा सञ्चालन भइरहेको छ। शिविरहरूको उद्देश्य असंगठित क्षेत्रका कामदारहरूलाई श्रम कल्याण योजनाहरूकालागि पंजीकरण गर्न र आवश्यक

प्रमाणीकरण पछि श्रम दर्ता कार्ड जारी सहज बनाउन रहेकोछ। कामदारहरूलाई श्रम कानून, सिक्किम बीओसीडब्ल्यू कल्याणकारी योजनाहरू, प्रधानमन्त्री श्रम योगी मानधन , लाभहरू, ई- श्रम पंजीकरण र सीप विकास अवसरहरूको बारेमा पनि जानकारी गराइँदैछ। शिविरहरू सेप्टेम्बर 26,2025 सम्म जिल्लाका सबै 28 ग्राम पंचायत एकांशहरूमा सञ्चालन गरिनेछ।

## फ्राइडे फील्ड डे- पाकिम

कनेक्ट अर्थ कार्यक्रम अन्तर्गत फ्राइडे फील्ड डे मिशनले पाकिम जिल्लामा आफ्नो पचासौं प्रकरण पूरा गरेको छ। ग्रामीण विकास विभाग द्वारा शुरू गरिएको यस कार्यक्रमले पंचायत र लाईन विभागहरूसंगको समन्वयमा एक वर्ष भित्र 300 एकढ़ भन्दा बढ़ि बाँझो जमीनलाई खेती योग्य खेतहरूमा परिणत गरेकोछ।